# आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी,५ न. प्रदेश, नेपाल

# चन्द्रकोट गाउँपालिका
# आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

प्रमाणीकरण मिति :२०७५/०२/२३

**प्रस्तावना**

राष्ट्रिय विकासका आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न चन्द्रकोट गाउँपालिकामा स्थापना भई सञ्चालन भई रहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ (२ ) ज.बमोजिमका अधिकारहरु कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२६, अनुसूची ८ को वुदा नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ दफा २० र २१" वमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस ऐनको नाम " आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ।

(ख) यो ऐन चन्द्रकोट गाउँपालिका क्षेत्र भर लागू हुनेछ।

(ग) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-**

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख)"प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाहरुका लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ।

(ग) "प्राथमिक शिक्षा" भन्नाले बाल शिक्षादेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ङ ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ। सो शब्दले चन्द्रकोट गाउँपालिकालाई बुझाउने छ।

(छ) "गाउँ सभा" भन्नाले चन्द्रकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ञ) "प्राविधिक तथा ब्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ठ) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ।

(ड) “धार्मिक विद्यालय” भन्नाले गुम्बा,गुरुकुल, आश्रम र मदरसा आदि जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।
(ढ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।
(ण) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।
(त) “अनुमति” भन्नाले नेपाल सरकार प्रदेश सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।
(थ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।
(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।
(ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।
(न) “तालिम केन्द्र” भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।
(प) “पुस्तकालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्थालाई जनाउँछ ।
(फ) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।
(ब) “शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।
(भ) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रदेश नं. ५ को संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।
(म) “शिक्षा अधिकृत”भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्दछ ।
(य) “शिक्षा शाखा”भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।
(र) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :-**

(१)यस गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएबमोजिम प्रक्रिया पु¥याई तोकिएको अधिकारीले अनुमति वा स्वीकृति दिनेछ ।
(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।
(४) उपदफा (३) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति दिनेछ ।
(५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनिदेहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-
(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,
(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,
(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।
(६) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-
(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई गाउँपालिकाले अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ।

(१०) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

**४ परीक्षा सञ्चालन र समन्वय :-**

गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा समन्वय, सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५. माध्यमिक शिक्षाको प्रकार :-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :-**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यम :-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनिदेहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम भाषा देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :-**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न

सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्नेछ र सो समिति तोकिए बमोजिम हुनेछ ।

**९. गाउँ शिक्षा समिति :-**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाए बमोजिम गाउँ शिक्षा समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) शिक्षा हेर्ने विषयगत समितिको संयोजक | सदस्य |
| घ) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरु मध्येवाट कम्तीमा १ जना दलित ⁄ अल्पसङ्ख्यक र १ जना महिला सहित तीन जना | सदस्य |
| ङ) समाजसेवी वा शिक्षाप्रेमी मध्येवाट गाउँ शिक्षा समितिले मनोनित गरेको कम्तीमा १ जना महिला सहित दुई जना | सदस्य |
| च) शिक्षण पेशामा उच्च योगदान पु-याएका सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. मध्येवाट गाउँशिक्षा समितिले मनोनित गरेको एक ⁄ एक जना गरी दुई जना | सदस्य |
| छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ज) गाउँस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधि | सदस्य |
| झ) सामुदायिक विद्यालयका अध्यक्षहरुमध्येवाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना | सदस्य |
| ञ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठित समितिको बैठकमा गाउँपालिकाको स्रोतव्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराइनेछ ।

(३) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

(५) गाउँ स्तरीय अन्य पेशागत महासंघ ⁄ संस्थाका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**(१०).गाउँ  शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-**

गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार :-**

गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार :-**

प्रशासकीय प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. शिक्षा अधिकृतको काम,कर्तव्य र अधिकार :-**

शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१४. अनुगमन समिति :-**

(१) गाउँ शिक्षा अनुगमन समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :-  शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :-**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१६. अध्यापन अनुमतिपत्र लिनुपर्ने :-**

सामुदायिक विद्यालयको दरबन्दी/अनुदानमा तलब भत्ता खाने गरी करार शिक्षक छनौट गर्दा सम्बन्धित तहको शैक्षिक योग्यता, तालिमका अतिरिक्त अध्यापन अनुमतिपत्र अनिवार्य हुनुपर्नेछ । तर गणित र विज्ञान विषयको हकमा दोस्रो पटक विज्ञापन गर्दा समेत दरखास्त नपरेमा सो सँग सम्बन्धित तालिम र अध्यापन अनुमति पत्र आवश्यक पर्ने छैन । त्यसरी विज्ञापन गर्नु पर्ने भएमा ७ दिनको म्याद राखी विज्ञापन गर्न सकिनेछ ।

**१७. अनुदानको व्यवस्था :-**

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिए बमोजिम गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।

(ख) सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१८. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :-**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१९. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :-**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२०. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था :-**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१.. विद्यालय व्यवस्थापन समिति :-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा गाउँस्तरका व्यवसायसँग सम्बन्धित एक जना प्रतिनिधी सदस्य रहनेछन् ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(४) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(६) धार्मिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(७) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :- सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।
संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(९) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :-**

(क) विद्यालय व्यवस्थापन समितिको विघटन तोकिए बमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(ग) यो ऐन तथा ऐन वमोजिम नियमावली जारी भए पछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूले बढीमा तीन महिनाभित्र यस ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा गाउँ शिक्षा समितिले एक महिनासम्मको समयावधी थप गर्न सक्नेछ । यो ऐन लागू हुँदाका वखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्नेछ ।

**२३. गाउँपालिका शिक्षा विकास कोष :-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँस्तरमा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) चन्दा सहयोगबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

**२४. कोष सञ्चालक समिति :-**

(१) कोष सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) | गाउँ शिक्षा समितिद्धारा मनोनित सो समितिको सदस्य एक जना | सदस्य |
| (ग) | कार्यपालिकाद्धारा मनोनित कार्यपालिकाको कम्तीमा एक जना महिला, एक जना दलित/जनजाती पर्ने गरी तीन जना | सदस्य |
| (घ) | शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिकाको शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६. गाउँपालिकाले निर्देशन दिन सक्नेः-**

(क) गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-**

गाउँपालिकाले गाउँ क्षेत्र भित्र नियमानुसार सञ्चालनमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको विद्यालयको तह घटाउन वा कक्षा घटाउन वा तोकिएको क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**२८. विद्यालयको सम्पत्तिः-**

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिने विद्यालयको नामको हुनेछ ।

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/ गाउँपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**२९. विद्यालयलाई छुट र सुविधाः-**

(क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(ख) उपदफा (क) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/ गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(ग) सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछन् ।

**३०. अनुमति वा स्वीकृति रद्ध गर्नेः-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्ध गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३१. विद्यालयको वर्गीकरणः-**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३२. शुल्कसम्बन्धी व्यवस्थाः-**

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(घ) उपदफा (क) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(ज) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३३. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :-**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

**३४) शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :-**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्वन्धमा कार्य गर्न गाउँ क्षेत्रभित्र तोकिए वमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहाएका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदवाट हटाउन गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

(क) तोकिए वमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा वढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरीएमा,

(ङ) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी सदस्य रहेका पाइएमा,

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्ययन वा काम गरेमा,

(३) उपदफा (२) वमोजिम वा अन्य माध्ययमले कुनै शिक्षक वा कर्मचारीलाई पदवाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदवाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

(स्पष्टिकरण : यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रियस्तर , प्रदेशस्तर ,जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।)

**३५. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः-**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३६. शिक्षकको नियुक्ति र सरूवाः-**

(क) विद्यालयमा रिक्त दरवन्दी तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(ख) दरबन्दी वा राहत कोटामा कार्यरत शिक्षकले गाउँ क्षेत्रभित्र सरूवा हुन चाहेमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको सहमति र अनुमति सहित प्रमुख प्रशासकीय अधिकृतसमक्ष निबेदन दिनुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम निवेदन प्राप्त भएमा विद्यालयको पठन पाठनमा असर नपर्ने देखिएमा विद्यार्थी संख्या र विषयगत आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको निर्णयका आधारमा तोकिएको अधिकारीले सरूवा गर्न सक्नेछ ।

**३७. दरवन्दी मिलान :-**

तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछ ।

**३८. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :-**

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँ शिक्षा अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**३९. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :-**

नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४०. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्था :-**

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(ख) उपदफा (क) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :-**

(क) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(ख) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४२. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन :-**

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४३. प्रगति विवरण बुझाउनु पर्ने :-**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**४४. पुरस्कृत गर्न सक्ने :-**

तोकिए वमोजिमको मापदण्डका आधारमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई गाउँ शिक्षा समितिले पुरस्कृत गर्न सक्नेछ ।

**४५. दण्ड सजायः-**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकिए वमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, कोचिङ/टयूसन कक्षा, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४६.अदालतको आदेशवाट पुनः वहाली हुन सक्ने :-**

(क) दफा ३६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीवाट हटाईएको वा वर्खास्त भएको शिक्षक /कर्मचारी अदालतको आदेश वा फैसला वमोजिम मात्र नोकरीमा पुनःवहाली हुन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम पुनः वहाली भएको शिक्षकले नोकरीवाट निलम्बन भएदेखि पुनःवहाली भएको मितिसम्मको पूरा तलव, भत्ता र तलव वृद्धि पाउने भए सो समेत पाउने छ ।

**४७ पुनरावेदन :-**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. नियम बनाउने अधिकार :-**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(ख) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४९. संक्रमणकालीन व्यवस्था :-**

(क) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावलीले स्पष्ट व्यवस्था नगरेसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकार :-**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँसभाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५१. बचाउ र लागू नहुने :-**

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(ग) संविधानसँग वाभिएको हदसम्म यो ऐन स्वतः निस्कृय हुनेछ ।

(घ) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।